प.सं.२०८२/८३/वि.एस/६ मिति:२०८२/०६/१०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

**बिषय : वार्षिक साधारणसभा बस्ने तथा शेयर दाखिल खारेज बन्द (Book Close) हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस बैंकले आर्थिक वर्ष २०८१/८२ को संचित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको ७.३६८५ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट यस बैंकले प्रस्ताव गरे अनुसार नै वार्षिक साधारणसभाबाट स्वीकृत गराई बितरण गर्न मिति: २०८२/०६/१० गतेको पत्र मार्फत स्वीकृति प्राप्त भएको हुँदा यस बैंकको मिति: २०८२/०६/१० गते बसेको संचालक समितिको ६७७औं बैठकको निर्णयानुसार बैंकको २१औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको व्यहोरा तँहाको जानकारीको लागि अनुरोध छ ।

साथै, साधारणसभामा छलफल हुने बिषयहरु तथा साधारणसभासँग सम्बन्धीत जानकारीहरु मिति २०८२/०६/११ गतेको "राजधानी" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको प्रति समेत यसै साथ संलग्न गरिएको छ ।

**<u>सभा हुने मिति, स्थान र समय :</u>**

१. मिति : बि.सं.२०८२ साल कार्तिक २ गते (अक्टोबर १९, २०२५) आइतबार ।
स्थान : आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाण्डौ ।
समय : विहान १०:०० बजे ।

२. **शेयर दाखिल खारेज** (Book Close) **सम्बन्धी विवरण :**

- २१ औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८२/०६/२७ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनु भन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८१/८२ को नगद लाभांश पाउन योग्य हुनु हुनेछ ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

**वोधार्थ:**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस.एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
४. श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

## सानिमा बैंक लिमिटेडको
## २१औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बैंकको मिति २०८२ साल आश्विन १० गते बसेको संचालक समितिको ६७७ औं बैठकको निर्णयानुसार बैंकको २१औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसै सूचनालाई आधार मानी सम्पूर्ण शेयरधनी महानुभावहरूमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

१. **सभा हुने मिति, समय र स्थान :**

मिति : वि.सं.२०८२ साल कार्तिक २ गते (अक्टोबर १९, २०२५) आइतबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाण्डौ ।

२. **छलफलका विषयहरू:**

**क. सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको २१औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८२ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ७.३६८५ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
६. संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.१००।- का दरले रू.२,००,००,००,०००।- (दुई अर्ब रुपैया) बराबरको **"८.२५ प्रतिशत सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Sanima Perpetual Non-cumulative Preference Shares)** सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्ने ।
२. बैंकको अधिकृत पूँजी रु. २० अर्बलाई वृद्धि गरी रु. २२ अर्ब पुऱ्याउने । अग्राधिकार शेयर जारी गरे पश्चात् सोहि हदसम्म बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र बैंकको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने ।
३. अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार तथा सोही बमोजिम प्रबन्धपत्र/नियमावलीमा समेत आवश्यक संशोधन गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध :**

सानिमा बैंक लिमिटेड

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी:**

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन सभास्थलमा बिहान ९:०० बजेदेखि सभा संचालन रहेसम्म खुला रहनेछ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले हितग्राही खाता खोलिएको डिम्याट/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

३. शेयरधनी महानुभावहरूको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासँग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको website:www.sanimabank.com मा पनि हेर्न सकिनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै यस बैंकको केन्द्रीय कार्यालय, अलकापुरी, नारायणचौर, नक्साल, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

७. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, व्याग आदि नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।

८. संस्थापक समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) को निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम बैंकको केन्द्रीय कार्यालयमा पछि प्रकाशित गरिने छ ।

९. संचालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले बैंकको कम्तीमा १०० कित्ता संस्थापक शेयर लिई बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक हुन योग्य हुनु पर्नेछ ।

१०. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधिभित्र एक जना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित बैंकले तोकेको ढाँचामा बैंकको केन्द्रीय कार्यालय, नारायणचौर, नक्सालमा अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

११. अन्य कुनै जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय, अलकापुरी, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

१२. साधारण सभा प्रयोजनको लागि **मिति २०८२/०६/२७** गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०८१/८२ को नगद लाभांश पाउन योग्य हुनु हुनेछ ।

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव